कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ९८/०८२
दर्ता मिति: २०८२/०६/०२

# स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२/०५/१९

प्रस्तावना: सूचना प्रविधिको बढ्दो प्रयोग एवम् व्यवसायको क्षेत्रमा आएको नवप्रवर्तनकारी तथा सिर्जनशील सोचलाई स्टार्टअप उद्यममा रूपान्तरण गर्नुका साथै नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएको उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्दै सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्वन्धी कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यम" भन्नाले दफा ४ बमोजिमको योग्यता पुगेका उद्योग, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ख) "कर्जा" भन्नाले स्टार्टअप उद्यमको लागि दफा १३ बमोजिम प्रदान गरिने स्टार्टअप कर्जा सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले स्टार्टअप उद्यम कर्जा कार्यक्रम सम्झनु पर्छ।

(घ) "क्रेडिट अप्राइजल" भन्नाले कर्जा सुविधाको लागि आवेदन गरेको कुनै उद्यमीको वित्तीय स्थिति र ऋणको योग्यता मूल्याङ्कन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान सम्झनु पर्छ ।

(च) "बैङ्क" भन्नाले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने जिम्मेवारी तोकिएको वाणिज्य बैङ्क सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ज) "प्रस्तावक" भन्नाले कर्जा माग गर्ने उद्यमको तर्फबाट प्रस्ताव पेश गर्ने उद्यमी सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले दफा २२ बमोजिमको सहजीकरण तथा अनुगमन समिति सम्झनु पर्छ।

(ञ) "स्टार्टअप उद्यम" भन्नाले कुनै फर्म वा कम्पनीले कुनै वस्तु वा सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण तथा सिर्जनशील सोचको प्रयोग गरी व्यावसायिक रुपमा सञ्चालन गरेका उद्यमलाई सम्झनु पर्छ।

३. स्टार्टअप उद्यमको क्षेत्र: (१) स्टार्टअप उद्यमको क्षेत्र अनसूची-१ बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा उपदफा (१) बमोजिमको क्षेत्रमा कर्जा प्रवाह गरिनेछ।

४. <u>स्टार्टअप उद्यमको योग्यता</u>: (१) यस कार्यविधि बमोजिम कर्जा प्राप्त गर्न देहाय बमोजिमका योग्यता पुरा गरेका उद्यम योग्य हुनेछन्:

(क) प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगको रूपमा सम्वन्धित उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको;

(ख) वस्तु वा सेवाको उत्पादनमा नवीन एवम् सिर्जनशील सोच र प्रविधिको उपयोग गरी उद्यम व्यवसायको रूपमा रूपान्तरण मार्फत उच्च वृद्धिको सम्भावना भएको,

(ग) प्रविधिको अवलम्वन भएको;

(घ) उद्यम व्यवसाय दर्ता भएको मितिले दश वर्ष ननाघेको;

(ङ) दर्ता पछिको कुनै पनि आर्थिक वर्षमा वार्षिक कारोवार पन्ध्र करोड रुपैयाँ ननाघेको;

(च) सञ्चालित उद्यम व्यवसाय नगाभिई वा नटुक्रिई नयाँ उद्यम व्यवसाय गरेको;

(छ) रितपूर्वक भरेको अनुसूची-४ बमोजिमको परियोजना फाराम तथा दफा ८ बमोजिम संलग्न गर्नुपर्ने कागजात पेस गरेको

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहायका उद्यमलाई स्टार्टअप उद्यम मानिने छैन:-

(क) प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता नभएको,

(ख) वस्तु वा सेवा विदेशबाट आयात गरी बिक्री वितरण गर्ने गरेको,

(ग) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको,

(घ) दफा ७ बमोजिम प्रकाशित सूचनाको मिति भन्दा पछि दर्ता भएको,

(ङ) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम होल्डिङ्ग तथा लगानी कम्पनीको रुपमा दर्ता भएको।

५. <u>कर्जा प्रवाह रकम:</u> (१) प्रतिष्ठानले कर्जा प्रवाहका लागि छुट्टाइएको रकम सरकारी स्वामित्वको वाणिज्य बैङ्कमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्न प्रतिष्ठानले सरकारी स्वामित्वको एक वा एकभन्दा बढी वाणिज्य बैङ्कलाई तोक्न सक्नेछ।

(३) कर्जा प्रवाहका लागि सम्बन्धित स्थानीय तहमा सरकारी स्वामित्वको वाणिज्य बैङ्क उपलब्ध नभएमा सरकारी कारोबार समेत गर्न तोकिएको निजी क्षेत्रका वाणिज्य बैङ्कलाई पनि तोक्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमका बैङ्कसँग प्रतिष्ठानले कर्जा प्रवाह सम्बन्धी आवश्यक सम्झौता गर्नुपर्नेछ।

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

(५) उपदफा (४) बमोजिमको सम्झौताका आधारमा बैङ्कले दफा १३ बमोजिम कर्जा सिफारिस भएका उद्यमीहरुको खाता सञ्चालन गरी कर्जा रकम उपलब्ध गराउनु पर्नेछ।

(५) कर्जा प्रवाहको लागि विनियोजन भएको रकमबाट प्रतिष्ठानले निक्षेप तथा कर्जा सुरक्षण कोषलाई भुक्तानी गर्ने रकम खर्च गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमको खातामा बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा सङ्घीय संचित कोषमा फिर्ता गर्नु पर्नेछ।

(६) बैङ्कले त्रैमासिक रुपमा र आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र उपदफा (४) बमोजिमको खाताबाट भएको खर्चको विवरण प्रतिष्ठानलाई उपलब्ध गराउनु पर्नेछ।

६. कार्यक्रम कार्यान्वयन निकाय: (१) स्टार्टअप उद्यम कर्जा कार्यक्रमको कार्यान्वयन प्रतिष्ठानले गर्नेछ र प्रतिष्ठानले कार्यक्रम सम्बन्धी सम्पूर्ण विवरणको छुट्टै अभिलेख राख्नु पर्नेछ।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यकता अनुसार सम्बन्धित विषय क्षेत्रका विज्ञको सहयोग लिन सक्नेछ।

७. प्रस्ताव आह्वान गर्ने: (१) प्रतिष्ठानले यस कार्यविधि बमोजिम कर्जा लिन इच्छुक उद्यमीबाट प्रस्ताव आह्वान गरी एक्काइस दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र विद्युतीय माध्यमबाट अनुसूची-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमाजिमको सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्दा कर्जा प्रवाह हुने अनुसूची (१) मा उल्लिखित क्षेत्र अनुसार प्रस्ताव पेस गर्ने गरी प्रतिष्ठानले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रतिष्ठानले यस दफा बमोजिमको प्रस्ताव आह्वान गर्दा विद्युतीय माध्यमबाट समेत प्रस्ताव पेस गर्न सकिने गरी व्यवस्था मिलाउनु पर्नेछ।

८. प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजात: प्रस्तावकले प्रस्तावका साथमा देहायका कागजातहरू संलग्न गर्नु पर्नेछ।

(क) उद्योगको दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
(ख) स्थायी लेखा नम्बर र अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(ग) अघिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
(घ) फर्म, कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) नवप्रवर्तन तथा प्रविधिको प्रयोग भएको पुष्टयाइँ वा स्वःघोषणा,
(च) कर्मचारी/कामदारको अघिल्लो आर्थिक वर्षको वार्षिक तलबी विवरणको प्रतिलिपि।

९. प्रस्ताव पेस गर्नु पर्ने: (१) यस कार्यविधि बमोजिम कर्जा लिन चाहने दफा ४ बमोजिमको योग्यता पुगेका उद्यमीले दफा ७ बमोजिमको सूचनाको अवधिभित्र दफा ८ बमाजिमका कागजात सहित अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिष्ठानमा प्रस्ताव पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा प्रस्तावकले प्रस्ताव पेस गर्न पाइनेछैन।

(क) एक उद्यमी वा एकाघरका सदस्यले एकभन्दा बढी प्रस्ताव पेस गर्न,



Kishor
कृष्ण बहादुर राउत
... (उद्योग)

(ख) अन्य कुनै निकायबाट यस अघि सहुलियतपूर्ण कर्जा वा स्टार्टअप उद्यम कर्जा लिएको।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सहुलियतपूर्ण कर्जा वा स्टार्टअप उद्यम कर्जा वा यस्तै प्रकृतिको अन्य सहुलियतपूर्ण कर्जा नलिएको स्वःघोषणा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम गरिएको स्वःघोषणा झूटो रहेको पुष्टि भएमा त्यस्तो प्रस्ताव जुनसुकै बखत रद्द हुनेछ।

१०. प्रस्ताव मूल्याङ्कन समितिः (१) दफा ९ बमोजिम पेस हुन आएका प्रस्तावको मूल्याङ्कन गरी कर्जाका लागि सिफारिस गर्न प्रतिष्ठानले देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ।

| | | |
|---|---|---|
| (क) | प्रतिष्ठानको निर्देशक वा अधिकृतस्तरको कर्मचारी | -संयोजक |
| (ख) | राष्ट्रिय वाणिज्य बैङ्कको अधिकृतस्तरको प्रतिनिधि | -सदस्य |
| (ग) | सहजीकरण तथा अनुगमन समितिले तोकेको सम्बन्धित विषय क्षेत्रको विज्ञ | -सदस्य |

(२) प्रष्तिष्ठानले उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गरी कर्जाका लागि सिफारिस गर्न दफा २२ बमोजिमको समितिको मार्गदर्शनमा मूल्याङ्कन हुने मिति, स्थान र समय सहितको कार्यतालिका तयार गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मूल्याङ्कन सम्वन्धी कार्य सम्पादनलाई छिटो, छरितो र सहज बनाउन प्रतिष्ठानले उपदफा (१) बमोजिमको समितिलाई प्रदेशगतरूपमा मुकाम राखी उपदफा (२) बमोजिमको कार्यतालिका अनुसार मूल्याङ्कनको कार्य गर्ने गरी खटाउन सक्नेछ ।

(४) प्रस्तावको प्रस्तुतीकरणको हकमा विद्युतीय माध्यम वा भौतिक उपस्थिति वा दुबैको प्रयोग गर्न सकिनेछ । विद्युतीय माध्यमबाट प्रस्ताव प्रस्तुतीकरण गर्दा प्रतिष्ठानले सम्वन्धित स्थानीय तहसँग समन्वय गरी प्रस्तुतीकरणको विधि तय गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम गठन हुने मूल्याङ्कन समितिमा रहने सम्वन्धित विषय क्षेत्रका विज्ञ सदस्यको छनोटको आधार तथा योग्यता अनुसुची-३ बमोजिम हुनेछ।

११. प्रस्ताव मूल्याङ्कनका आधारः दफा ९ बमोजिम पेस हुन आएका प्रस्तावको मूल्याङ्कन समितिले देहायका विषयमा आधारित भई अनुसूची-५ बमोजिमको अङ्कभारको आधारमा मूल्याङ्कन गर्नुपर्नेछः-

(क) उद्यम व्यवसायको हालको अवस्था,

(ख) उद्यम व्यवसायको उच्च वृद्धिको सम्भावना,

(ग) प्रविधिको अवलम्बन,

(घ) परियोजनामा प्रयोग हुने कच्चा पदार्थको स्रोत,

(ङ) व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण,

(च) उद्यमको क्रेडिट अप्राइजल,

(छ) रोजगारीको अवस्था तथा प्रस्तावित रोजगारी,

(ज) मूल्याङ्कनका क्षेत्रगत आधारहरु,

(२) उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले प्रस्तावकसँग परियोजना प्रस्तावसँग सम्वन्धित भिडियो तथा थप विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिलाई कुनै द्विविधा उत्पन्न भएमा यस कार्यविधिको भावना प्रतिकूल नहुने गरी प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक निर्णय गर्न सक्नेछ।

(४) प्रतिष्ठानले मूल्याङ्कन कार्यमा एकरूपता कायम गर्न प्रस्ताव मूल्याङ्कनका आधार बमोजिम मूल्याङ्कन मार्गदर्शन तयार गरी प्रत्येक सदस्यलाई उपलब्ध गराउनु पर्नेछ र प्रत्येक सदस्यले मूल्याङ्कनका प्रत्येक आधारमा छुट्टाछुट्टै प्रदान गरेको अङ्कको औषत निकाली उक्त औषत अङ्कहरू जोडी प्रस्तावकले प्राप्त गर्ने कुल अङ्क तय गर्नु पर्नेछ।

१२. प्रस्ताव मूल्याङ्कन प्रक्रियाः (१) प्रस्ताव मूल्याङ्कन समितिले दफा ११ बमोजिमका मूल्याङ्कनका आधारमा प्रस्ताव मूल्याङ्कन गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछः

(क) दफा ९ बमोजिम दर्ता हुन आएका प्रस्ताव र प्रस्तावकको क्षेत्रगतरुपमा सूची प्रकाशित गर्ने,

(ख) दफा ४ बमोजिम योग्य प्रस्तावकको प्रारम्भिक सूची तयार गर्ने,

(ग) प्रारम्भिक सूचीमा छनोट भएका प्रस्तावकको व्यावसायिक प्रस्तुतीकरणको समय तालिका र मुकाम प्रकाशित गर्ने,

(घ) व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण गर्न लगाउने,

(ङ) समग्र प्रस्तावको मूल्याङ्कन गर्ने,

(२) उपदफा (१) बमोजिम प्रस्तुतीकरण सहित मूल्याङ्कन गरिएका प्रस्तावको क्रेडिट अप्राइजल गर्न कर्जा प्रवाह गर्ने बैङ्कमा पठाउनुपर्नेछ।

(३) बैङ्कले उपदफा (२) बमोजिम प्राप्त भएका प्रस्तावको स्थलगत निरीक्षण गरी नियम अनुसार दश दिन भित्र क्रेडिट अप्राइजलबाट प्राप्त गरेको अङ्क प्रतिष्ठानलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) र उपदफा (३) बमोजिम प्रस्तावकले प्राप्त गरेको अङ्कका आधारमा मूल्यांकन समितिले मूल्याङ्कनमा संलग्न प्रस्तावले प्राप्त गरेको कुल अङ्क तय गर्नु पर्नेछ।

(४) प्रस्ताव मूल्याङ्कन समितिले कुनै प्रस्तावमा संलग्न कागजात वा भिडियो वा अन्य विवरणमा कुनै शङ्का लागेमा उक्त उद्यमको स्थलगत निरीक्षण गरी सत्यतथ्य जाँचबुझ गर्न सक्नेछ।

१३. प्रस्तावको छनोट तथा सिफारिसः (१) मूल्याङ्कन समितिले दफा १२ बमोजिम प्रस्तावले प्राप्त गरेको अङ्क समावेश गरी कुल प्राप्ताङ्कका आधारमा कर्जा सिफारिस सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीबाट कम्तिमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्ताव मध्येबाट सबै भन्दा बढि अङ्क प्राप्त गर्ने प्रस्तावलाई प्राप्ताङ्कको आधारमा प्राथमिकीकरण गरी कर्जा प्रवाह गर्ने बैङ्कमा सिफारिस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस गर्दा प्रस्तावले प्राप्त गर्ने कर्जा रकम समेत निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कर्जा रकम निर्धारण गर्दा न्यूनतम पाँच लाख र अधिकतम बीस लाख रुपैयाँसम्म निर्धारण गर्नुपर्नेछ।

तर, कुनै परियोजनाका लागि माग गरेको रकमभन्दा घटी रकमबाट उक्त परियोजना सञ्चालन हुने पर्याप्त आधार र कारण भएमा त्यस्तो आधार र कारण स्पष्ट उल्लेख गरी उद्यमीले माग गरेको भन्दा घटी रकम निर्धारण गर्न सकिनेछ।

(५) मूल्याङ्कन समितिले उद्यमीले माग गरेको रकमको असी प्रतिशत भन्दा बढी कर्जा रकम सिफारिस गर्नुपर्ने भएमा स्पष्ट आँधार र कारण खुलाउनु पर्नेछ।

(६) मूल्याङ्कन समितिले कुनैपनि उद्यम कर्जा सिफारिसमा परेको र नपरेको हकमा स्पष्ट कारण सहित कैफियत जनाउनु पर्नेछ।

(७) उपदफा (२) बमोजिम सिफारिस भएका प्रस्तावको लागि प्रतिष्ठानले आवश्यकता अनुसार उद्यमशीलता विकास र व्यवसाय व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्न सक्नेछ।

(८) उपदफा (२) बमोजिम सिफारिस भएको परियोजनाको विवरण प्रतिष्ठानले आफ्नो वेवसाइटमा सार्वजनिक गर्नुपर्ने र प्रस्तावमा संलग्न प्रस्तावकको सम्पर्क नम्बरमा फोन वा सन्देश मार्फत जानकारी दिनुपर्नेछ।

(९) उपदफा (२) बमोजिम सिफारिस भएका प्रस्तावकले सिफारिस भएको तीस दिनभित्र कर्जा प्रवाह गर्ने बैङ्कमा सम्पर्क गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको अवधिभित्र सम्पर्क गर्न नआउने प्रस्तावकको प्रस्ताव स्वतः रद्ध हुनेछ।

१४. सम्झौता तथा कर्जा प्रवाहः (१) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्नुअघि बैङ्कले परियोजनाको स्थलगत अध्ययन गरी दफा १३ बमोजिम सिफारिस भएका प्रस्तावकसँग देहाय बमोजिमको विषय समावेश गरी सम्झौता गर्नुपर्नेछः-

(क) बैङ्कले कर्जा प्रवाह गर्ने तरिका,

(ख) कर्जाको सीमा,

(ग) किस्ता बुझाउनुपर्ने अवधि,

(घ) व्याज दर,

(ङ) साँवा फिर्ता र व्याज भुक्तानीको अवधि तथा प्रक्रिया,

(च) समयमा किस्ता तथा व्याज भुक्तानी नगर्दा हुने थप शुल्क तथा जरिवाना,

(छ) सम्झौता कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन तरिका।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा कर्जाको अवधि अधिकतम पाँच वर्षमा नबढाई ढिलोमा कर्जाको पहिलो किस्ता लिएको एक वर्षपछि साँवा र व्याज वापतको रकम फिर्ता गर्न प्रारम्भ गर्नुपर्ने व्यहोरासमेत उल्लेख गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम प्रवाह गरिने कर्जाको व्याजदर वार्षिक तीन प्रतिशत हुनेछ।

(४) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने बैङ्कले असुल उपर गरेको साँवा र सोको व्याज तथा उपदफा (१) बमोजिमको थप शुल्क तथा जरिवाना रकम दफा ५ को उपदफा (१) बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम सम्झौता भएपछि सम्वन्धित बैङ्कले उद्यमीलाई सात कार्यदिन भित्र कर्जाको प्रथम किस्ता उपलव्ध गराउनु पर्नेछ।

(६) बैङ्कले यस दफा बमोजिम कर्जा प्रवाह गर्न सकिने नदेखिएमा स्पष्ट आधार र कारणसहित उपदफा (५) बमोजिमको अवधिभित्र सम्बन्धित प्रस्तावक र प्रतिष्ठानलाई लिखित जानकारी गराउनु पर्नेछ ।

(७) प्रतिष्ठानले उपदफा (६) बमोजिम प्राप्त जानकारीका विषयमा थप बुझ्नुपर्ने भएमा सो समेत बुझी पन्ध्र दिनभित्र कर्जा प्रवाहका सम्वन्धमा आवश्यक निर्णय गरी बैङ्कलाई जानकारी गराउनु पर्नेछ।

(८) बैङ्कले कर्जा प्रवाह गर्दा परियोजनाको प्रकृति तथा उद्यमीको मागको विश्लेषण गरी स्वीकृत कर्जाको पचास प्रतिशत रकम पहिलो किस्तामा र बाँकी रकम दोस्रो किस्तामा उपलव्ध गराउनु पर्नेछ।

(९) उपदफा (५) बमोजिम उपलव्ध गराइएको कर्जाको प्रथम किस्ताको रकम स्टार्टअप उद्यममा प्रयोग गरेको पुष्ट्याँईसहित सम्बन्धित उद्यमीले थप किस्ता माग गरेमा बैङ्कले स्थलगत निरीक्षण गरी प्रगतिको आधारमा किस्ता बमोजिमको थप कर्जा रकम उपलव्ध गराउन सक्नेछ।

(१०) यस दफा बमोजिम बैङ्कले प्रवाह गरेको कर्जाको विवरण सात दिनभित्र प्रतिष्ठानलाई दिनुपर्नेछ।

१५. <u>कर्जाको धितो तथा कर्जा सुरक्षण</u>: (१) यस कार्यविधि बमोजिम बैङ्कले कर्जा प्रवाह गर्दा स्वीकृत उद्यम वा परियोजना धितोको रूपमा राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको उद्यम वा परियोजनाको बीमा उद्यमी स्वयम्ले गर्नुपर्नेछ।

(३) कर्जा प्रवाह गर्दा बैङ्कले प्रचलित कानून बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषमा कर्जाको सुरक्षण गराउनुपर्नेछ।

(४) कर्जा सुरक्षणको लागि प्रतिष्ठानले प्रवाहित कर्जाको दश प्रतिशत रकम स्टार्टअप उद्यम कर्जा सुरक्षण कोषमा राख्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम कोषको सञ्चालन निक्षेप तथा कर्जा सुरक्षण कोषले गर्नेछ।

(६) उपदफा (३) बमोजिम कर्जा सुरक्षण गर्दा लाग्ने शुल्क निक्षेप तथा कर्जा सुरक्षण कोषले स्टार्टअप कर्जा सुरक्षण कोषवाट प्राप्त गर्नेछ।

(७) कर्जाको दावी भुक्तानी माग भएमा निक्षेप तथा कर्जा सुरक्षण कोषले स्टार्टअप कर्जा सुरक्षण कोषवाट भुक्तानी गर्नेछ।

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

(८) कर्जा उपयोग गर्ने उद्यमीले सम्झौता बमोजिम कर्जा भुक्तानी गरेको अनुपातमा कर्जा सुरक्षणका लागि उपदफा (४) बमोजिम कर्जा सुरक्षण कोषमा राखेको रकम कर्जा सुरक्षण कोषले प्रतिष्ठानसँग समन्वय गरी समायोजन गर्दै जानु पर्नेछ।

(९) उपदफा (८) बमोजिम समायोजन गरी फिर्ता भएको रकम र कर्जाको क्षतिपूर्ति भुक्तानी सम्बन्धी निक्षेप तथा कर्जा सुरक्षण कोषको दायित्व समाप्त भएपछि स्टार्टअप कर्जा सुरक्षण कोषमा बाँकी रहेको प्रतिष्ठानलाई फिर्ता गर्नुपर्नेछ।

(१०) उपदफा (९) बमोजिम फिर्ता भएको रकम प्रतिष्ठानले दफा ५ को उपदफा (१) बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ।

(११) उपदफा (७) बमोजिम क्षतिपूर्ति भुक्तानीका लागि रकम व्यवस्थापन गर्दा प्रतिष्ठानले प्रतिबद्ध एवम् सम्भावित दायित्वको वस्तुगत विश्लेषण गरी प्राथमिकताको आधारमा प्रस्ताव गरी वजेट सुनिश्चित गर्नुपर्नेछ ।

(११) स्टार्टअप उद्यम कर्जा सुरक्षण कोषमा रहेको रकम लगानीवाट आर्जित ब्याज रकममध्ये वीस प्रतिशत रकम निक्षेप तथा कर्जा सुरक्षण कोषले आम्दानीको रुपमा राख्न सक्नेछ ।

१६. कर्जा भुक्तानीः (१) यस कार्यविधि बमोजिम कर्जा लिएको उद्यमीले सम्झौतामा लेखिए बमोजिम कर्जाको साँवा र ब्याज भुक्तानी गर्नुपर्नेछ।

तर, कुनै उद्यमीले किस्ता अवधि अगावै कर्जा भुक्तानी गर्न चाहेमा अतिरिक्त शुल्क लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम कर्जाको साँवा र ब्याज भुक्तानी नगरेमा त्यस्ता उद्यमीवाट बैङ्कले प्रचलित कानून बमोजिम कर्जा असुल उपर गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम प्राप्त हुने रकम तीन दिनभित्र दफा ५ को उपदफा (१) बमोजिमको खातामा दाखिला गर्नु पर्नेछ।

(४) यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जाको असुली तथा अनुगमन गर्ने दायित्व बैङ्कको हुनेछ।

१७. सिफारिस गर्न सक्नेः (१) दफा १६ बमोजिम कर्जा भुक्तानी नगर्ने उद्यमीलाई बैङ्कले सम्वन्धित निकायमा देहाय बमोजिमको सिफारिस गर्न सक्नेछः-

(क) कर्जालाई प्रचलित कानून बमोजिम खराव कर्जामा गणना गर्न, ऋणीलाई प्रचलित कानून बमोजिम कालो सूचीमा राख्न,

(ख) उद्यमीको नाममा रहेको कुनै चल अचल सम्पत्ति रोक्का राख्न,

(ग) कुनै बैङ्क तथा वित्तीय संस्थामा रहेको उद्यमीको बैङ्क खाता रोक्का राख्न।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा सम्वन्धित निकायले सिफारिस कार्यान्वयन गर्नु पर्नेछ।

१८. बैङ्कले शुल्क तथा ब्याज लिन सक्नेः कर्जा प्रवाह गर्ने बैङ्कले कर्जा प्रवाह गर्दा प्रशासनिक वा सेवा शुल्कवापत सम्वन्धित उद्यमीवाट कर्जा रकमको अधिकतम शुन्य दशमलव एक पाँच प्रतिशतसम्म सेवा शुल्क लिन सक्नेछ ।

१९. व्यावसायिक राय परामर्श: यस कार्यविधि बमोजिमको कर्जाबाट सञ्चालित स्टार्टअप उद्यमलाई उत्प्रेरित गरी उद्यमीको काममा आत्मविश्वास बढाउन प्रतिष्ठानले कर्जाको अवधिभर आवश्यकता अनुसार व्यावसायिक तथा व्यवस्थापन सम्बन्धी परामर्श प्रदान गर्नेछ।

२०. उद्यमीको कर्तव्य: यस कार्यविधि बमोजिम कर्जा प्राप्त गर्ने उद्यमीको देहाय बमोजिमको कर्तव्य हुनेछ:-

(क) उद्देश्य बमोजिम कर्जा रकमको प्रयोग गर्ने,

(ख) सम्झौता बमोजिम कर्जाको साँवा र व्याज रकम भुक्तानी गर्ने,

(ग) नियामक निकाय वा बैङ्कबाट गरिने अनुगमनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने,

(घ) आफूले गरेको स्टार्टअप उद्यमको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा कर्जा प्रवाह गर्ने बैङ्कमा पेस गर्ने,

(ङ) प्रतिष्ठान वा बैङ्कले दिएको निर्देशनको पालना गर्ने।

२१. प्रशासनिक खर्च र कर्मचारीको व्यवस्था: (१) प्रतिष्ठानले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न विनियोजन भएको रकमको बढीमा तीन प्रतिशतसम्म प्रशासनिक खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रकम यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम र दफा २२ बमोजिमको सहजीकरण तथा अनुगमन समितिको खर्चका लागि मात्र खर्च गर्नु पर्नेछ।

(३) प्रतिष्ठानले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न थप कर्मचारी आवश्यक पर्ने भएमा दैनिक ज्यालादारी वा करारमा नियुक्त गरी काममा लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको प्रशासनिक कार्यमा खर्च नभएको रकम यस कार्यविधि बमोजिम कर्जा प्रवाहमा प्रयोग गर्न बाधा पुगेको मानिने छैन।

(५) यस कार्यक्रमको लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी प्रतिष्ठानको हुनेछ।

(६) प्रतिष्ठानले उपदफा (१) बमोजिमको खर्च नभएको रकम आर्थिक वर्षको अन्त्यमा सङ्घीय संचित कोषमा जम्मा गर्नुपर्नेछ।

२२. सहजीकरण तथा अनुगमन समिति: (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको सहजीकरण तथा अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | महाशाखा प्रमुख, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, मन्त्रालय | -संयोजक |
| (ख) | कार्यकारी निर्देशक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | -सदस्य |
| (ग) | सञ्चालक समिति सदस्य मध्येबाट औद्योगिक व्यवसाय विकास प्रतिष्ठान सञ्चालक समितिले तोकेको एक जना | -सदस्य |
| (घ) | उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क | -सदस्य |
| (ङ) | निर्देशक, निक्षेप तथा कर्जा सुरक्षण कोष | -सदस्य |
| (च) | प्रवन्धक, कर्जा प्रवाह गर्ने वाणिज्य बैङ्कमध्येबाट प्रतिष्ठानले तोकेको | -सदस्य |

(छ) अधिकृतस्तरको कर्मचारी, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(३) दफा १० बमोजिमको प्रस्ताव मूल्याकन समितिको संयोजक र दफा २२ बमोजिमको समितिको सदस्य सचिव एउटै व्यक्ति हुने छैन।

(४) समितिले आवश्यकता अनुसार बैठकमा सूचना प्रविधि तथा नवप्रवर्तन विज्ञ वा उद्योग व्यवसायसँग सम्बन्धित निजी क्षेत्रको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(५) सहजीकरण तथा अनुगमन समितिको भूमिका देहायबमोजिम हुनेछ।

(क) प्रस्तावको मूल्याङ्कनका लागि प्रतिष्ठानले तयार गरेको विज्ञहरुको रोष्टरका आधारमा मूल्याङ्कन समितिको विज्ञ सदस्य तोक्ने,

(ख) दफा १० को उपदफा (२) बमोजिमको प्रस्ताव मूल्याङ्कन सम्बन्धी कार्यतालिका निर्धारण गर्न प्रतिष्ठानलाई मार्गदर्शन गर्ने,

(ग) दफा १० को उपदफा (४) बमोजिमको प्रस्तुतीकरणको लागि आवश्यक सहजीकरण तथा अनुगमन गर्ने,

(घ) प्रदेशगतरूपमा हुने प्रस्तावको छनोट र कर्जा प्रवाह सम्बन्धमा प्रादेशिक सन्तुलनसमेत कायम हुनेगरी मार्गदर्शन तथा अनुगमन गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनलाई सहजीकरण गर्न अन्तरनिकाय समन्वय गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको क्रममा आइपर्ने समस्या तथा गुनासो सम्बोधन गर्ने,

(छ) कार्यक्रमसँग सम्बन्धित मन्त्रालयले तोकेका अन्य कार्यहरु।

२३. <u>अनुगमन तथा प्रतिवेदन</u>: (१) यस कार्यविधि बमोजिम उपलब्ध कर्जाबाट सञ्चालित स्टार्टअप उद्यम सम्झौता अनुरूप सञ्चालन भए वा नभएको सम्बन्धमा कर्जा प्रवाह गर्ने बैङ्कले आवधिक रूपमा प्रतिष्ठानबाट तोकिए बमोजिमका अनुगमन सूचकहरुको आधारमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन सम्बन्धी प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र अनुसूची-६ बमोजिमको ढाँचामा प्रतिष्ठानसमक्ष पेस गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा यस कार्यविधि विपरीत हुने गरी कुनै उद्यम गरे वा गराएको पाइएमा अनुगमन गर्न खटिएको बैङ्कको कर्मचारीले निश्चित समयावधि तोकी त्यस्तो उद्यममा सुधार गर्न सम्बन्धित उद्यमीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशनको जानकारी सहजीकरण तथा अनुगमन समिति र प्रतिष्ठानलाई समेत गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम दिइएको निर्देशन अनुरूप निर्धारित समयावधिभित्र आवश्यक सुधार भएको नपाइएमा बैङ्कले त्यस्तो उद्यमीलाई कर्जाको साँवा र ब्याज तत्काल फिर्ता गर्न निर्देशन दिन सक्नेछ।

(६) स्टार्टअप उद्यम सञ्चालन गर्ने उद्यमीले आफ्नो उद्यममा भएको प्रगति, सञ्चालनको अवस्था, कठिनाई, सम्वद्ध सरकारी निकाय र अन्य क्षेत्रबाट अपेक्षा गरेको सहयोग समेतका विषय खुलाई प्रतिष्ठान समक्ष वार्षिक रूपमा प्रतिवेदन पेस गर्नुपर्नेछ।

(७) प्रतिष्ठानले उपदफा (२) बमोजिमको प्रतिवेदनमा देखिएका विषय तथा सो सम्वन्धमा प्रतिष्ठानले गरेका सुधारका काम कारवाहीको नियमित जानकारी दफा २२ बमाजिमको समितिलाई गराउनु पर्नेछ।

२४. साझेदारीमा कार्यक्रम गर्न सकिने: (१) प्रतिष्ठानले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, प्राज्ञिक क्षेत्र एवम् विश्वविद्यालयसँग उपयुक्त विधि तयार गरी लागत साझेदारी गर्न सक्नेछ।

(२) प्रतिष्ठानले कर्जा सिफारिस तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न, आवश्यक सूचना संकलन तथा कर्जा प्रवाहको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यका लागि प्रदेश सरकार र स्थानीय तहको समन्वयमा प्रदेश सरकार अन्तर्गत उद्योग दर्ता गर्ने निकाय र स्थानीय तहमा कार्यरत उद्यम विकास सहजकर्ताको सहयोग लिन सक्नेछ।

२५. पुरस्कृत गर्न सक्ने: यस कार्यविधि वमोजिम कर्जा प्राप्त गरी प्रभावकारी रूपमा परियोजनाको कार्यान्वयन गर्ने उत्कृष्ट उद्यमीलाई प्रतिष्ठानले पुरस्कृत गर्न सक्नेछ ।

२६. कारबाहीका लागि सिफारिस गर्न सक्ने: कुनै उद्यमी वा फर्म वा कम्पनीले नक्कली कागजात वा झुठा विवरण वा भिडियो संलग्न गरी कर्जा माग गरेकोमा वा गर्न सघाएकोमा प्रतिष्ठानले सम्वन्धित उद्यमीलाई प्रचलित कानून बमोजिम कारवाहीका लागि सम्वन्धित निकायमा सिफारिस गरी कर्जा सिफारिस प्रक्रियाबाट अलग गर्नु पर्नेछ।

२७. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि वमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२८. खारेजी तथा बचाउ: (१) स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ।

## अनुसूची -१

(दफा ३ को उपदफा (१) सँग सम्वन्धित)

### स्टार्टअप उद्यमका क्षेत्र

१. कृषि, वन तथा उत्पादनमूलक क्षेत्र

क. कृषि, सिँचाइ तथा पशुपन्छीमा आधारित उद्यम

ख. उत्पादनमूलक उद्यम

ग. वन (जडीबुटी, वन पैदावार) मा आधारित उद्यम

घ. खानी तथा खनिज अनुसन्धान तथा विकास

ङ. खाद्य प्रविधि तथा पोषण

२. सूचना प्रविधि तथा डिजिटल क्षेत्र

क. विज्ञान, प्रविधि, सञ्चार तथा सूचना प्रविधि

ख. घरायसी वा दैनिक जीवन सरलीकरण प्रविधि

ग. फोहोरमैला व्यवस्थापनसँग सम्वन्धित उद्यम।

घ. सार्वजनिक सेवा प्रवाह, उत्पादन तथा सेवा प्रक्रियामा सुधारसँग सम्वन्धित उद्यम;

३. पूर्वाधार तथा यातायात क्षेत्र

क. सहज र सुरक्षित परिवहन तथा लजिष्टिक

ख. पूर्वाधार निर्माण कार्य

ग. विद्युतीय सवारी साधन तथा अटोमोबाइल

घ. वस्तु वा सेवाको वितरण प्रणालीसँग सम्वन्धित उद्यम

४. सामाजिक सेवा र पर्यटन क्षेत्र

ङ. शिक्षा तथा शिक्षण सिकाइसँग सम्वन्धित उद्यम;

च. मानव स्वास्थ्य सेवासँग सम्वन्धित उद्यम;

छ. पर्यटन प्रवर्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्वन्धित उद्यम:

५. परम्परागत तथा स्थानीय स्रोत

क. परम्परागत तथा ग्रामीण प्रविधिसँग सम्वन्धित उद्यम;

ख. परम्परागत पेसा तथा उद्यमको पुनर्जागरणसँग सम्वन्धित उद्यम;

ग. स्थानीय स्रोत/साधनमा आधारित उद्यम

अनुसूची-२

(दफा ७ सँग सम्वन्धित)

**प्रस्ताव आह्वान गर्ने सूचनाको ढाँचा**

स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२ बमोजिम स्टार्टअप उद्यमका दफा ४ बमोजिम योग्यता पुरा गरेका अनुसूची-१ बमोजिमको क्षेत्रमा नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका स्टार्टअप उद्यम कर्जा लिन इच्छुक उद्यमीले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र अनुसूची-४ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

अनुसूची- ३

(दफा १० को उपदफा ५ सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कन समितिका विज्ञ सदस्यको छनोटका आधार तथा योग्यता**

(क) सम्बन्धित क्षेत्र (उद्योग व्यवस्थापन, वित्त, इन्जिनियरिङ, सूचना प्रविधि, कृषि, कानून, अर्थशास्त्र, व्यवसाय प्रशासन आदि) मा स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको।

(ख) सम्बन्धित क्षेत्रमा कम्तिमा ७ वर्षको अनुसन्धानमूलक वा व्यवहारिक अनुभव भएको।

(ग) नवप्रवर्तन व्यवस्थापन वा उद्यमशीलता प्रवर्द्धन वा परियोजना मूल्याङ्कन वा लगानी विश्लेषण तथा जोखिम व्यवस्थापनमा ज्ञान हासिल गरेको।

(घ) कर्जा मूल्याङ्कन र कर्जा जोखिम विश्लेषण गर्न सक्ने क्षमता भएको ।

(ङ) सम्बन्धित क्षेत्रमा नयाँ सोच, प्रविधि तथा बजार प्रतिको विज्ञता।

(च) स्वार्थको द्वन्द्व नहुने अवस्था।

अनुसूची-४
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
**उद्यमीले पेस गर्ने परियोजना प्रस्तावको ढाँचा**

क. परियोजना र प्रस्तावकको परिचय:

१. फर्म, कम्पनी वा उद्योगको विवरण:

- फर्म / कम्पनी / उद्योगको नाम: -----------------------------------------------
- सुरु दर्ता भएको निकाय: ---------------------------------------------------
- दर्ता मिति: ------------------------ दर्ता नम्बर: ------------------------------
- उद्यम सम्वर्द्धन केन्द्रमा आवद्ध रहे/नरहेको....................
- स्थायी लेखा नम्वर: ------------------
- कारोबार सुरू गर्न इजाजत आवश्यक पर्ने फर्म, कम्पनी वा उद्योगको हकमा इजाजत जारी गर्ने निकाय: -----------------------------------------------------------
- इजाजत प्राप्त मिति: -------------- इजाजत बहाल रहने अवधि: ---------------
- मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगाना: प्रदेश: ------------- जिल्ला: ------------- गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ----------------- वार्ड नं.: ---टोल: --------------- टेलिफोन नं.:-------------- इमेल: ---------------------
  वेबसाइट: ----------------------------------
- प्रस्तावक (आधिकारिक प्रतिनिधि)को नाम थर: ------------------------------ पद/दर्जा:- -------------------------- टेलिफोन नं.: ---------------------------
  मोवाइल नं.: ---------------------इमेल: -------------------------------------

२. प्रस्तावक उद्यमीहरूको विवरण

| क्र.सं. | नाम | नागरिकता नं, जारी मिति र जिल्ला | स्थायी ठेगाना (प्रदेश, जिल्ला, पालिका, वडा नं., टोल) | हालको ठेगाना (प्रदेश, जिल्ला, पालिका, वडा नं., टोल) | उद्यमीको शैक्षिक योग्यता/तालिम/अनुभव | मोबाइल नं. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| | | | | | | |

३. उत्पादन हुने वस्तु र यसको उपयोगको विवरण

क. वस्तु वा सेवाको नाम:.................................

ख. वस्तु वा सेवाको प्रकृति..............................

ग. लक्षित ग्राहक तथा बजार.........................

घ. वस्तु वा सेवाको कुनै ट्रेडमार्क, प्याटेन्ट, डिजाइन वा भौगोलिक संकेत भएको वा नभएको.................

ङ. वस्तु वा सेवाका मुख्य विशेषता...................................

च. वस्तु वा सेवाको विशेष उपयोगिता................................

छ. वस्तु वा सेवाको गुणस्तर प्रमाणीकरण गरेको वा नगरेको ......

ज. उत्पादनमा अवलम्बन भएको वा हुने प्रविधि......................

झ. अवलम्बन भएको वा हुने प्रविधि आफै उत्पादन गरेको वा नगरेको........

ञ. प्रविधि अवलम्बन- क) कारोवारको लेखाजोखा राख्न। ख) उत्पादनको प्रक्रियामा ग) पूर्ण अवलम्बन .........................

ट. कच्चा पदार्थको स्रोत................................

ख. प्रस्तावित परियोजना सम्बन्धी विवरण:

१. परियोजनाको परिचय (दुई सय शब्दमा नबढ्ने गरी): ---------

२. परियोजनाको उद्देश्य (पचास शब्दमा नबढ्ने गरी): --------

३. उद्यमको क्षेत्र (दफा ४ सँग सम्बन्धित): ---------------

(क) परियोजना सरकारको प्राथमिकता प्राप्त क्षेत्रसँग सम्बन्धित रहेको ☐ नरहेको ☐

४. परियोजना विश्लेषण:

अ) स्टार्टअप उद्यमको रूपमा रहने आधार (दफा ४ अनुसारका मापदण्डसमेत सम्वन्धित सवैमा चिनो लगाउने):

(ख) उद्योग दर्ता गर्ने निकायमा स्टार्टअपको रुपमा दर्ता भएको ☐ नभएको ☐

(ग) प्रविधिको प्रयोग (टेक इनेबल्ड) भएको ☐ नभएको ☐

(घ) उद्यम स्थापना भएको दस वर्ष: नाघेको ☐ ननाघेको ☐

(ङ) उद्यमको वार्षिक कारोवार कुनै आ.व.मा पन्ध्र करोड रूपैयाँभन्दा बढी: भएको ☐ नभएको ☐

(च) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न नयाँ प्रविधिको उपयोग एवं सिर्जनशील सोचको प्रयोग: भएको ☐ नभएको ☐

(छ) उद्यमीले हालसम्म गरेको स्वलगानी रु. ..................

(ज) स्टार्टअप उद्यम कर्जाका लागि माग गरिएको रकम रु. .....................

(झ) गत आर्थिक वर्षको बिक्री रकम: रू. ........................

(ञ) कर्जा सूचना केन्द्रको कालोसूचीमा: रहेको ☐ नरहेको ☐

(ट) प्रस्तावित परियोजनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट हालसम्म अन्य कुनै अनुदान वा सहुलियत: लिएको ☐ नलिएको ☐

आ) परियोजना सञ्चालनबाट हुने नवप्रवर्तनीय कार्य (मिल्ने कुनै एकमा चिनो लगाउने):

(क) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समग्र प्रणालीमा नवीन पद्धतिको विकास ☐

(ख) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको खास क्षेत्रमा नवीन पद्धतिको विकास ☐

(ग) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कुनै प्रक्रियामा नवीन पद्धतिको विकास ☐

त्यस्तो नवीन पद्धति सम्बन्धी संक्षिप्त विवरण (पचास शब्दमा नबढ्ने गरी): .......................

इ) आगामी एक वर्षको अवधिमा थप रोजगारी सिर्जनाको सम्भाव्य सङ्ख्या: ......

ई) परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजार (कुनै एकमा चिनो लगाउने):

स्वदेशी बजार ☐ अन्तर्राष्ट्रिय बजार ☐ स्वदेशी तथा अन्तर्राष्ट्रिय दुवै बजार ☐

उ) परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चापदार्थको स्रोत (कुनै एकमा चिनो लगाउने):

पूर्णरूपमा स्वदेशी ☐ पूर्णरूपमा वैदेशिक ☐ अधिकतम स्वदेशी ☐ अधिकतम वैदेशिक ☐ परम्परागत तथा स्थानीय कच्चा पदार्थको प्रयोग भएको ☐

ऊ) प्रस्तावित परियोजनाको विषयक्षेत्रमा मुख्य उद्यमीको अनुभव:

अनुभव नभएको ☐ दुई वर्षभन्दा कम अनुभव भएको ☐ दुई वर्ष वा सोभन्दा बढीको अनुभव भएको ☐

ए) जोखिम पहिचान तथा व्यवस्थापन:

परियोजनाको जोखिम विश्लेषण कार्य गरिएको: छ ☐ छैन ☐

गरिएको छ भने जोखिमको पहिचान (पचास शब्दमा नबढ्ने गरी): ..............

जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना (एक सय शब्दमा नबढ्ने गरी): .....................

ऐ) प्रस्तावित परियोजनाको कार्यान्वयनबाट वस्तु वा सेवा प्रवाहमा हुने सुधार (कुनै एकमा चिनो लगाउने):

विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि हुने: हुन्छ ☐ हुँदैन ☐

विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको वित्तीय लागत घटाउने: घटाउँछ ☐ घटाउँदैन ☐

विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समय घटाउने: घटाउँछ ☐ घटाउँदैन ☐

ओ) परियोजनाको SWOT Analysis:

सबल पक्ष (एक सय शब्दमा नबढ्ने गरी): .................

कमजोर पक्ष (एक सय शब्दमा नबढ्ने गरी): .................

अवसर (एक सय शब्दमा नबढ्ने गरी): .................

चुनौती (एक सय शब्दमा नबढ्ने गरी): .................

औ) परियोजनाले वस्तु वा सेवा उत्पादन र बिक्री आरम्भ गरेको मिति: ................. वा आरम्भ हुने अपेक्षित मिति: .................

अं) परियोजना मुनाफामा जाने अपेक्षित आर्थिक वर्ष: .................

अ:) परियोजना स्थलमा पूर्वाधारको अवस्था (सम्बन्धित सबैमा चिनो लगाउने):

विद्युत ☐ सडक ☐ सञ्चार ☐ खानेपानी ☐ ☐ भवन ☐

भूमिको उपलब्धता

आफ्नै स्वामित्वको ☐ भाडा वा लिजमा ☐

अन्य (खुलाउने) :

अअ: परियोजनामा साझेदारीको विवरण:

अआ: परियोजना सञ्चालनको क्रममा खेर जाने कच्चा पदार्थ लगायत अन्य बाई प्रोडक्टको पुन: प्रयोग गरेको ☐ नगरेको ☐

अइ: परियोजनामा संलग्न वा पहुँच पुग्ने वर्ग तथा समुदायको विवरण:

ग. प्रस्तावको वित्तीय विश्लेषण

१. परियोजनाको कुल अनुमानित लागत रु. ---------- हालसम्म परियोजनामा भएको खर्च रु. ----------------------

२. लगानीको स्रोत.....................

३. सञ्चालन खर्च प्रक्षेपण.................

४. आ.व. .............को वार्षिक आय तथा नाफा नोक्सानको विवरण................

५. उद्यम तथा जनशक्तिको बीमा.................

६. जोखिम न्यूनीकरणका उपाय....................

७. नाफाबाट पुनः लगानी गरेको अनुपात...........

८. कुल ऋण लगानीमा स्वलगानीको अनुपात.......

९. ऋण लगानी रहेकोमा सावाँ तथा व्याज भुक्तानी गरेको विवरण..............

घ. परियोजना कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | समय | बजेट | अपेक्षित उपलब्धी | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

माथि उल्लिखित विवरणहरू सही साँचो छन् र कर्जा प्रवाहसम्बन्धी शर्त स्वीकार्य छ भनी प्रस्ताव पेस गर्नेको

नाम :

हस्ताक्षर :

मिति :

मोबाइल नं. :

इमेल :

परियोजनाको छाप :

अनुसूची-५

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

परियोजना प्रस्ताव मूल्याङ्कनको आधार

(क) स्टार्टअप उद्यमका सबै क्षेत्रहरुका लागि:

| क.सं. | मूल्याङ्कनका आधार | पूर्णाङ्क | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| क. | उद्यम व्यवसायको हालको अवस्था | १२ | | |
| | १. स्टार्टअपको रुपमा दर्ता भएको | २ | २ | |
| | २. प्रोटोटाइपको तह | ३ | ३ | |
| | ३. उत्पादनको तह | ६ | | |
| | • न्यूनतम सम्भाव्य वस्तु (मिनिमम भायबल प्रोडक्ट) | | २ | |
| | • व्यवसायिक उत्पादन (कमर्सियल प्रोडक्ट) | | ६ | |
| | ४. उद्यम सम्वर्द्धन केन्द्र (BIC) मा आवद्धता | १ | १ | |
| ख. | उच्च वृद्धिको सम्भावना | १० | | |
| | १. उद्योगको अघिल्लो आर्थिक वर्षको कारोवारमा भएको वृद्धि वा नयाँको हकमा कारोवार वृद्धिको अनुमान | ४ | | |
| | • २५ प्रतिशत सम्म | | १ | |
| | • ५० प्रतिशतसम्म | | २ | |
| | • १०० प्रतिशतसम्म | | ३ | |
| | • १०० प्रतिशत भन्दा माथि | | ४ | |
| | २. आयात प्रतिस्थापन गर्न सक्ने वा गर्न सक्ने सम्भावना भएको (नेपालमा अधिकतम आयात भएका वस्तु उत्पादन गर्ने) | ३ | ३ | |
| | ३. परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजार | ३ | | |
| | • आन्तरिक बजार | | २ | |

| क.सं. | मूल्याङ्कनका आधार | पूर्णाङ्क | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| | • आन्तरिक तथा अन्तराष्ट्रिय बजार | | ३ | |
| ग. | प्रविधिको अबलम्बन (Technology Adoption) | १५ | | |
| | १. प्रविधि उपयोगको अवस्था | १० | | |
| | • विद्युतीय प्रणालीमा कारोवारको लेखा राखेको | | ३ | |
| | • उत्पादन वा प्रशोधनमा प्रविधिको अबलम्बन गरेको | | ५ | |
| | • उत्पादन, प्रशोधन र भण्डारणमा प्रविधिको अबलम्बन गरेको | | ७ | |
| | • कारोवारको लेखा, उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरणको कार्यमा प्रविधिको अबलम्बन गरेको | | १० | |
| | २. आफैले प्रविधिको विकास गरी प्रविधिको अबलम्वन वा हस्तान्तरण गरेको | ५ | ५ | |
| घ. | परियोजनामा प्रयोग हुने कच्चापदार्थको स्रोत | १० | | |
| | • विदेशी कच्चा पदार्थ प्रयोग गरेमा | | २ | |
| | • स्वदेशी र विदेशी कच्चा पदार्थको उपयोग गरी वस्तु उत्पादन गरेमा | | ६ | |
| | • पूर्णरूपमा स्वदेशी कच्चा पदार्थ उपयोग गरी वस्तु तथा सेवा उत्पादन गरेमा | | १० | |
| ङ. | व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण | ६ | | |
| | १. परियोजना प्रतिको आत्मविश्वास | १ | १ | |
| | २. परियोजना प्रस्तावमा संलग्न सूचना तथा विवरणको जानकारी भएमा | २ | २ | |
| | ३. परियोजनाको SWOT Analysis गरेको | ३ | ३ | |
| च. | उद्यमको क्रेडिट अप्राइजल | १५ | | |
| | १. स्वपुँजी लगानीमा सञ्चालन गरेको वा ऋणको साँवा र व्याज नियमितरुपमा भुक्तानी गरेको | २ | २ | |

| क.सं. | मूल्याङ्कनका आधार | पूर्णाङ्क | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| | २. वार्षिक नाफाको कम्तिमा १० प्रतिशत पुनः लगानी गरेको वा नयाँको हकमा पुनः लगानी गर्ने प्रतिबद्धता गरेको | ३ | ३ | |
| | ३. व्यवसायको बीमा गरेको | १ | १ | |
| | ४. कूल लगानीमा स्वलगानी न्यूनतम ५० प्रतिशत भएको | ६ | ६ | |
| | ५. वित्तीय जोखिमको पहिचान गरी न्यूनीकरण तथा व्यवस्थापनका उपाय संलग्न गरेको | ३ | ३ | |
| छ. | रोजगारीको अवस्था तथा प्रस्तावित रोजगारी | १२ | | |
| | १. प्रत्यक्ष रोजगारी सिर्जना | ९ | | |
| | • ५ जना भन्दा कम | | ४ | |
| | • ५-१० जना सम्म | | ६ | |
| | • १० जना भन्दा बढी | | ९ | |
| | २. प्रस्तावित प्रत्यक्ष रोजगारी | ३ | | |
| | • ५ जना भन्दा कम | | १ | |
| | • ५-१०जना भन्दा | | २ | |
| | • १० जना भन्दा बढी | | ३ | |
| | कुल जम्मा | ८० | ८० | |

(ख) विषयगत क्षेत्रहरुका लागि:

| | मूल्याङ्कनका क्षेत्रगत आधार | पूर्णाङ्क | अंक | प्रासाङ्क |
|---|---|---|---|---|
| क. | कृषि, वन तथा उत्पादनमूलक क्षेत्र | २० | | |
| | १. शैक्षिक योग्यता | २ | | |
| | • माध्यामिक तहसम्म | | १ | |
| | • सम्बन्धित क्षेत्रमा माध्यामिक तह भन्दा माथि | | २ | |
| | २. सम्बन्धित क्षेत्रको कम्तीमा एक वर्षको अनुभव | २ | २ | |
| | ३. सम्बन्धित क्षेत्रमा तालिम प्रास गरेको | २ | २ | |
| | ४. जमिन तथा भवनको स्वामित्व | ७ | | |
| | • आफ्नै स्वामित्व भएको | | ७ | |
| | • भाडा/लिजमा लिएको | | ५ | |

| | मूल्याङ्कनका क्षेत्रगत आधार | पूर्णाङ्क | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|
| | ५. सडक, विद्युत, खानेपानी, भण्डारण, चिस्यान केन्द्र तथा सञ्चारसँग सम्वन्धित पूर्वाधारको उपलब्धता | ४ | ४ | |
| | ६. प्रशोधन तथा उत्पादन सम्वन्धी उपकरण भएको । | ३ | ३ | |
| | कुल जम्मा | २० | २० | |
| ख. | सूचना प्रविधि तथा डिजिटल | २० | | प्राप्ताङ्क |
| | १. शैक्षिक योग्यता | २ | | |
| | • सम्वन्धित क्षेत्रमा स्नातक तहसम्म | | १ | |
| | • सम्वन्धित क्षेत्रमा स्नातक तह भन्दा माथि | | २ | |
| | २. सम्वन्धित क्षेत्रको अनुभव | २ | २ | |
| | ३. सम्वन्धित क्षेत्रमा तालिम प्राप्त गरेको | २ | २ | |
| | ४. प्रविधिको विकास | ५ | | |
| | • भईरहेको प्रविधिमा सुधार गरेको | | ३ | |
| | • नयाँ प्रविधिहरू (प्लाटफर्म, सफ्टवेयर आदि) को विकास गरेको | | ५ | |
| | ५. डिजिटल सुरक्षा तथा गोपनियताका उपायहरु अवलम्बन गरेको | ५ | ५ | |
| | ६. जनताको दैनिक जीवन वा सेवा प्रवाहलाई सहज बनाएको | ४ | ४ | |
| | कुल जम्मा | २० | २० | |
| ग. | पूर्वाधार तथा यातायात क्षेत्र | २० | | प्राप्ताङ्क |
| | १. शैक्षिक योग्यता | २ | | |
| | • माध्यामिक तहसम्म | | १ | |
| | • सम्वन्धित क्षेत्रमा माध्यामिक तह भन्दा माथि | | २ | |
| | २. सम्वन्धित क्षेत्रको अनुभव | २ | २ | |
| | ३. सम्वन्धित क्षेत्रमा तालिम प्राप्त गरेको | २ | २ | |
| | ४. पूर्वाधार विकासमा समुदायसँगको साझेदारी गरेको | ४ | ४ | |

| | मूल्याङ्कनका क्षेत्रगत आधार | पूर्णाङ्क | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|
| | ५. उर्जाको प्रयोगको अवस्था | ४ | | |
| | • अनवीकरणीय उर्जाको प्रयोग गरेको | | २ | |
| | • हरित उर्जाको प्रयोग गरेको | | ४ | |
| | ६. खेर जाने कच्चा पदार्थ तथा उप उत्पादनको पुनः प्रयोग तथा व्यवस्थापन गरेको/योजना पेश गरेको | ६ | ६ | |
| | कुल जम्मा | २० | २० | |
| घ. | सामाजिक सेवा र पर्यटन क्षेत्र | २० | | प्राप्ताङ्क |
| | १. शैक्षिक योग्यता | २ | | |
| | • माध्यामिक तहसम्म | | १ | |
| | • सम्बन्धित क्षेत्रमा माध्यामिक तह भन्दा माथि | | २ | |
| | २. सम्वन्धित क्षेत्रको अनुभव | २ | २ | |
| | ३. सम्वन्धित क्षेत्रमा तालिम प्राप्त गरेको | २ | २ | |
| | ४. आधारभूत पूर्वाधारको उपलब्धता भएको | ५ | ५ | |
| | ५. विपन्न तथा पिछडिएको वर्ग समुदायको पहुँच वढाउने | ४ | ४ | |
| | ६. दुर शिक्षा तथा टेलिमेडिसिन जस्ता सेवाको प्रवर्द्धन वढाउने | ५ | ५ | |
| | कुल जम्मा | २० | २० | |
| ङ. | परम्परागत तथा स्थानीय स्रोत साधनमा आधारित | २० | | प्राप्ताङ्क |
| | १. शैक्षिक योग्यता | २ | | |
| | • माध्यामिक तहसम्म | | १ | |
| | • सम्वन्धित क्षेत्रमा माध्यामिक तह भन्दा माथि | | २ | |
| | २. सम्वन्धित क्षेत्रको अनुभव | २ | २ | |
| | ३. सम्वन्धित क्षेत्रमा तालिम प्राप्त गरेको | २ | २ | |

सचिव (उद्योग)

| | मूल्याङ्कनका क्षेत्रगत आधार | पूर्णाङ्क | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|
| | ४. परम्परागत तथा स्थानीय समुदायमा उपलब्ध कच्चा पदार्थ प्रयोग गरेको | ४ | ४ | |
| | ५. लगानीका लागि समुदायसँगको साझेदारी भएमा | ३ | ३ | |
| | ६. परम्परागत तथा स्थानीय कच्चा पदार्थको दिगोपनाको अवस्था तथा वातावरणमा पार्ने प्रभावको चित्रण गरेको | ७ | ७ | |
| | कुल जम्मा | २० | २० | |

मूल्याङ्कनकर्ताको विशेष कुनै टिप्पणी भएमा सो:

.............................................................................................

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

अनुसूची - ६

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

## अनुगमन प्रतिवेदनको ढाँचा

१. परियोजनाको नाम: ------------------------------------

२. ठेगाना: ------------------------------

३. सम्पर्क टेलिफोन/मोबाइल नं.: ----------------

४. परियोजना कार्यान्वयन गर्ने उद्यमीको नाम: ------------------------------

५. परियोजना स्वीकृत भएको मिति: ----------------------

६. परियोजना प्रस्तावक र बैङ्कबिच कर्जा सम्झौता मिति: ---------------

७. परियोजनामा प्रवाह गरिएको कर्जा: जम्मा रु. ---------

प्रथम किस्ता कर्जा: लिएको/नलिएको (लिएको भए कर्जा रु: --------- मिति: -------)

दोस्रो किस्ता कर्जा: लिएको/नलिएको (लिएको भए कर्जा रु: -------- मिति: -------)

तेस्रो किस्ता कर्जा: लिएको/नलिएको (लिएको भए कर्जा रु: ---------- मिति: -------)

८. कर्जाको किस्ता भुक्तानीको अवस्था: ---------

९. परियोजनाको सुरु मिति: ---------------

१०. परियोजना सम्पन्न हुनुपर्ने मिति: ---------------

११. परियोजनाको सुरु लागत रकम: ---------------

१२. परियोजनामा कार्यरत पूर्णकालीन कामदार सङ्ख्या: ---------------

१३. परियोजनाको प्रशिक्षक (मेन्टर) को नाम (भएमा): ----------------- टेलिफोन/मोबाइल नं.: ----------

१४. यसअघि भएको अनुगमन: मिति ---------- अनुगमन गर्ने निकाय: -------------

मिति ---------- अनुगमन गर्ने निकाय: -------------

मिति ---------- अनुगमन गर्ने निकाय: -------------

१५. परियोजनाको सुरु मूल्याङ्कन तथा छनौट गर्दा लिइएका आधारहरू तथा अनुगमन सूचकहरुबमोजिम प्रगतिको अवस्था:

| क्र.सं | अनुगमन सूचकहरु | एकाई | प्रगतिको अवस्था | सुधार गर्नुपर्ने विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | कर्जा रकम मध्येको यथार्थ खर्च | प्रतिशत | | | |
| २. | उद्यममा भएको कच्चा पदार्थको प्रयोग | परिमाण जनाउने | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | कार्यरत जनशक्तिको संख्या | जना | | | |
| ४. | उत्पादन शुरु भएको मिति | मिति | | | |
| ५. | हाल उत्पादन तथा विक्री भएको परिमाण | टन | | | |
| ६. | कारोवारमा भएको वृद्धि | प्रतिशत | | | |
| ७. | थप भएका पूर्वाधारहरु | विवरणह | | | |
| ८. | नाफा नोक्सानको अवस्था | रु | | | |
| ९. | स्वदेशी कच्चा पदार्थ प्रयोगको अनुपात | प्रतिशत | | | |
| १०. | महिला/युवा उद्यमीको सहभागिता | प्रतिशत | | | |
| ११. | वातावरणीय प्रभाव | | | | |
| १२. | सामाजिक प्रभाव | | | | |

अन्य केही भएमा

(क) -----------

(ख) -----------

(ग) -----------

(घ) -----------

१६. परियोजना कार्यान्वयनमा देखिएका समस्या र कारण: ---------------

१७. समस्या समाधान गर्ने सम्वन्धित तहबाट भएको प्रयास: ------------------

१८. समस्या समाधान गर्ने जिम्मेवार निकाय/अधिकारी: -------------------

१९. अनुगमन गर्ने अधिकारीबाट दिइएका मुख्य सुझाव: -------------------

२०. दिइएका सुझावमा उद्यमीको प्रतिक्रिया: ------------------------

२१. अनुगमन मिति: ------------------

२२. अनुगमन गर्ने अधिकारीको नाम: ---------------

दर्जा: ---------------

कार्यालय: ---------------

दस्तखत: -----------

मिति: ---------------